## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग (२) सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १० मितिः २०७८/१०/१८

**भाग-४**

**हेलम्बु गाउँपालिका**

**हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७८/१०/१७ मा पारित**

## आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना**

हेलम्बु गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दिर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात, स्पाइनल इन्जुरी तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र सञ्चालन गरी कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेलम्बु गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले हेलम्बु गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ख. "कोष" भन्नाले हेलम्बु गाउँपालिकाको आर्थिक सहायता कोषलाई सम्झनु पर्दछ ।

ग. "कार्यपालिका" भन्नाले हेलम्बु गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ. “आर्थिक सहायता” भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणाः** (१) हेलम्बु गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपद् बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुर्‍याशउन यस प्रकारको कोषको स्थापना भएको छ ।

**४. लक्ष्यः** (१) प्राकृतिक तथा मानव सृर्जित विपद्को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्‍याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

**५. उद्देश्यः** (१) यस कार्यविधिको देहय बमोजिमको उद्देश्य हुनेछन् ।

क. विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

ख. आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

**६. नीतिः** (१) यस कार्यविधिको देहय बमोजिमको उद्देश्य हुनेछन् ।

क. विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

ख. गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

ग. स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

## परिच्छेद ३

## कोष स्थापना

**७. कोष स्थापनाः** (१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

(२) यस कोषको नाम हेलम्बु गाउँपालिका आर्थिक सहायता कोष रहने छ ।

(३) कोष लेखा अधिकृत र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोष स्थापना नभएसम्म हेलम्बु गाउँपालिकाको सञ्चित कोषबाट सञ्चालन गर्नु पर्नेछ ।

**८. कोषमा जम्मा हुने रकमः** (१) दफा ७ बमोजिमको कोषमा देहया बमोजिमको रकम जम्म हुनेछन् ।

क. हेलम्बु गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख. दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ।

## परिच्छेद ४

## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. कोषबाट खर्च हुने क्षेत्रः** (१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरो, दुर्घटनाबाट हुने चोटपटक, अंगभंगको कारण धनजनको क्षती भएमा अनुसूची १ बमोजिमको सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मत्सिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु. १०,००० देखि रु.१,००,००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (२) र (३) बोमजिमको आर्थिक सहायता रकम पर्याप्त नहुने भएमा मुनासिव कारण समेत खुलाई कार्यपालिकाले निर्णय गरी थप रकम उपलब्ध गराउन सक्नेछ ।

१०. **सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) दफा ९ को उपदफा २ बमोजिमको प्राकृतिक विपद्बाट धनजनको क्षती वापत राहत र आर्थिक सहयोग पाउन पेश गर्नुपर्ने कागजातहरुः

क. निवेदन

ख. सम्बन्धीत वडा कार्यालयको सिफारिश

ग. सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

घ. क्षतीको फोटो

ङ. आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

च. विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

छ. अन्य आवश्यक प्रमाणहरु

(३) दफा ९ को उपदफा ३ बमोजिमको औषधी उपचारका लागि आर्थिक सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछः

क. सम्वन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

ख. निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी, यस्ता

कागजात निवेदन दिने मिति भन्दा तीन (महिना) पुरानो भएमा मान्य हुन छैन,

ग. सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

घ. कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोका लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

ङ. विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

**११. आर्थिक सहयोगको निर्णयः** (१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. ५००० देखी रु. ५०,००० सम्मको हकमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई सोझै आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराएमा कार्यपालिकाको बैंठकबाट सो निर्णय अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलब्ध गराउन परेमा कार्यपालिकाको बैंठकले निर्णय गर्नुपर्नेछ ।

(४) दफा ९ को उपदफा (२) बमोजिमको सामाग्री तत्काल उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ ।

(५) औषधी उपचार सहयोग उपलव्ध गराउंदा गाउँपालिका सामाजिक विकास शाखा (स्वास्थ्य) बाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस हुनेछ ।

## परिच्छेद ५

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः** (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६

## विविध

**१३. आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्नेः** (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारकः** (१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधनः** (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाऊ र खारेजीः** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधि प्ररम्भ हुनु अघि गरिएका राहत तथा आर्थिक सहयोगहरु यसै कार्यविधि बोमजिम भएको मानिनेछ ।

(३) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

# अनुसूची १

## (दफा ९ को उपदफा २ संग सम्बन्धित)

## प्राकृतिक विपदबाट क्षेति भएमा पाउने राहत सामाग्री तथा रकम

| क्र.स. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उलब्ध गराउने राहत सामाग्री | सहयोग गर्ने रकम (रु. मा) |
| १ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | पाल १ थान ,खाना पकाउने तथा खाने भाँडा १ सेट, एक हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | १००००-१५००० |
| २ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | पाल १ थान ,खाना पकाउने तथा खाने भाँडा १ सेट, एक हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | ८०००-१२००० |
| ३ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | पाल १ थान ,खाना पकाउने तथा खाने भाँडा १ सेट, एक हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | २००००-१००००० |
| ४ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | पाल १ थान ,खाना पकाउने तथा खाने भाँडा १ सेट, एक हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न | २५०००-५०००० |
| ५ | गोठ मात्र जलेर/बगेर/पुरिएर र पशुको समेत मृत्यु भएमा | - | १००००-२०००० |
| ६ | गोठ जलेर/बगेर/पुरिएर सम्पुर्ण सामाग्री समेत नष्ट | - | ५०००-१०००० |
| ७ | प्राकृतिक प्रकोप तथा दुर्घटनामा परी घाइते भएका व्यक्तिको लागि अस्पतालमा गई तत्काल उपचार गर्न | - | २००००-३०००० |
| ८ | लाश ओसारपसार | - | ५०००-१५००० |

आज्ञाले

विष्णुहरि तिमल्सेना

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. १०।-  मात्र